# जलेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कार्यलय :०४४-५२००८९
फैक्स : ०४४-५२०१४३
वारुणयन्त्र : ०४४५२००१

जलेश्वर, महोत्तरी, मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
चलानी नम्बर :- १६६०

मिति :- २०७९/११/२८

**विषय:-** प्रचार प्रसार गरिदिने सम्बन्धमा ।

श्री वडा कार्यालय (सवै),
जलेश्वर नगरपालिका ।

उपरोक्त सम्बन्धमा अस्थाई प्रहरी पोष्ट जलेश्वर, महोतरीको च.नं. १६२ मिति २०७९/११/२८ गतेको पत्र साथ प्राप्त सुचना त्यहाँ वडा कार्यालय मार्फत प्रचार प्रसार गराइदिन हुन अनुरोध छ । सो संग सम्बन्धित पत्र तथा सुचना यसै साथ संलग्न गरी राखिएको छ ।

मित्रलाल ढकाल
प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ:-**
श्री अस्थाई प्रहरी पोष्ट जलेश्वर, महोतरी ।

नेपाल सरकार

गृह मन्त्रालय

~~जिल्ला प्रहरी कार्यालय~~ इलाका प्रहरी कार्यालय जलेश्वर, महोत्तरी ।

(.................................... शाखा)

☎ ५२०००९, ५२००९९, ५२०१९९

पत्र संख्या :- ०६९-०७०.
चलानी नम्बर :- १६२
प्राप्त पत्र संख्या र मितिः-

जलेश्वर नगर पालिका कार्यालय
जलेश्वर
दर्ता नम्बर ३६८
दर्ता मिति २०६९।११।२८

जलेश्वर ।

मितिः-२०६९।११।२८

विषयः- प्रचार प्रसार गराई दिन हुन ।

श्री जलेश्वर नगर पालीका को कार्यालय,
जलेश्वर, महोत्तरी ।

उपरोक्त सम्बन्धमा ध्वनी प्रदुषण लाई नियन्त्रण गर्ने सम्बन्धमा तालुक जिल्ला प्रशासन कार्यालय महोत्तरी बाट जारी गरीएको सुचना को १ प्रति चलित पत्र साथ पठाईएको छ। उल्लेखीत सुचना वडा कार्यालयहरु मार्फत आम जनता ले सुन्ने बुझने जान्ने सम्म वडा वडामा प्रचार प्रसार गराई दिने व्यवस्था हुन सादर अनुरोध गरीएको छ।

प्रशासन
सम्बन्धित शाखा
...
फाँटमा ...

इन्चार्ज
[विजन राज यादव]
प्र. ना. नि.

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय महोत्तरी ।
श्री जिल्ला प्रहरी कार्यालय महोत्तरी ।
श्री जलेश्वर वडा कार्यालय-१, २, ३, ४, ५, ६, ८, ९, १०, ११.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
महोत्तरी, जलेश्वर

# जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट सार्वजनिक हितमा जारी गरिएको सूचना

यस महोत्तरी जिल्लाका शहरी एवं ग्रामीण क्षेत्रमा विवाह, व्रतवन्ध, धार्मिक कार्य लगायतको अन्य समारोह/कार्यक्रमको आयोजना गर्दा ठूलो स्वरमा डि.जे. लगायतका ध्वनीयन्त्र बजाउँदा ध्वनी प्रदुषण भई सर्वसधारणको जनजिविका र स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न गएको छ । ध्वनी प्रदुषणको प्रभावलाई न्यूनीकरण गर्न आवश्यक देखिएको हुँदा राती १०:०० बजे पछि ध्वनी सम्बन्धी यन्त्रहरु (डि.जे. माईक तथा ध्वनी उत्पन्न गर्ने सामग्री ) सञ्चानल नगर्न/नगराउन र संचालन अवधिमा पनि अश्लिल गीत नबजाउन तथा ठूलो स्वरमा नबजाउनुका साथै ध्वनी प्रदुषण हुने गतिविधीहरु नगर्न/नगराउन हुन सर्वसधारणमा जानकारीका लागि यो सूचना सार्वजनिक गरिएको छ । यस सूचनाको कोही कसैवाट उल्लंघन भएमा प्रचलित कानून बमोजिम तत्कालै कारवाही भै जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

यो सूचना जिल्लाका सबै स्थानीय तहबाट समेत परिपालन गर्ने व्यवस्था मिलाउन हुन अनुरोध गरिन्छ ।

दिपक कुमार पहाडी
प्रमुख जिल्ला अधिकारी